लेखापरीक्षण प्रतिवेदन

देवचुली नगरपालिका, नवलपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय
महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल
काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

देवचुली नगरपालिका, नवलपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौँटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/722

श्रीमान नगर प्रमुखज्यू,

देवचुली नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/722

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान नगरप्रमुख ज्यू ,

देवचुली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथाटिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. त्यस नगरपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ११ लाख ९२ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.६० लाख २८ हजार फस्यौट भई असुल गर्नुपर्ने रु.४ लाख १५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४० लाख ५० हजार र पेश्की बाँकी रु.६ लाख ९७ हजार गरी जम्मा रु.५१ लाख ६३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.१३ करोड ८५ लाख ८ हजारमध्ये रु. ७ करोड ९४ लाख ८३ हजार फस्यौट भई यस वर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.६ करोड ४१ लाख ८८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले त्यस पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा-लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत त्यस पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्यप्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६४	१५	१,११,९२,२५५	२	८	६०,२८,८८५	०	६२	७	५१,६३,३७०	४,१५,७७८	०	४०,५०,०००	०	०	४०,५०,०००	६,९७,५९२

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नवलपरासी बर्दघाट सुस्ता पूर्व	१३८५०८४२८	०	८२७८०२८७	५५७२८१४१	३२९६७८६	५१६३३७०	६४१८८२९७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिकवर्ष	बेरुजुको बेहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट संपरीक्षण भएको			
१	२०८१/८२	वितरणमुखी कार्यक्रम	०
२	२०८१/८२	राजश्व बाँडफाँड	१९०७२८०
३	२०८१/८२	पेश्की बाँकी	२५१७१५
४	२०८१/८२	नमुना विद्यालय	३२०४६२२
५	२०८१/८२	दहत्तर बहत्तरको मौज्दात	१४३९२२
६	२०८१/८२	तराई मधेश समृद्धि कार्यक्रम	४७३६०६
७	२०८१/८२	आयोगको परामर्श	०

८	२०८१/८२	असुली गर्न बाँकी आन्तरिक आय	४७७४०
		जम्मा	**६०२८८८५**
गत विगत आर्थिक वर्षहरूको संपरीक्षण			
९	२०८०/८१	संघीय कार्यालय अनुदान	१९९८४०
१०	२०८०/८१	शिक्षक अनुदान	२८४१५४०
११	२०८०/८१	विद्यालय छनोट	६५००००
१२	२०८०/८१	बेसकोर्स मात्र राखे गरी सडक निर्माण	८१२५१४
१३	२०८०/८१	बढी भुक्तानी	२,५००
१४	२०८०/८१	थप व्ययभार	१०६१३४६
१५	२०८०/८१	झोलुङ्गे पुलको व्यवस्थापकीय खर्च	३२७४५५
१६	२०८०/८१	घटी मोटाइमा बेस कोर्स कार्यः	१२२८८७८
१७	२०८०/८१	उपयोग विहीन बेस कोर्सको भुक्तानी	५५९८१९
१८	२०८०/८१	उपभोक्ता समितिबाट जटिल प्रकृतिको कार्य	१८०००००
१९	२०७९/८०	स्पष्ट उद्देश्य बेगरको भ्रमण खर्च	१०,०००
२०	२०७९/८०	विद्यालय सुधार योजना तथा लेखापरीक्षण अनुदान	३३००००
२१	२०७९/८०	विद्यालयमा ICT ल्याब स्थापना	१३०००००
२२	२०७९/८०	प्राविधिक धार संचालनमा रहेका विद्यालयलाई अनुदान	७३९२७५
२३	२०७९/८०	पदाधिकारी सुविधा	८३,१४०
२४	२०७९/८०	पढदै कमाउदै अनुदान	१००००००
२५	२०७९/८०	नमुना विद्यालय	६६०००००
२६	२०७९/८०	ननफाइलर	१२९४८५२
२७	२०७९/८०	छात्रवृत्ति वितरण	७८,५४८
२८	२०७९/८०	कार्यविधि वेगर खर्च	५०,०००
२९	२०७९/८०	अन्य निकायको खर्च/ असम्बन्धित खर्च	२३५०००
३०	२०७८/७९	सोझै खरिद	१९३९५८१
३१	२०७८/७९	शीर्षकफरक पारि खर्च लेखेको	३७१९३०
३२	२०७८/७९	महँगी भत्ता	८४००००
३३	२०७८/७९	भेरिएसन आदेश	१३६०७२८
३४	२०७८/७९	पेश्की व्यवस्थापन	१०००००
३५	२०७८/७९	नाफामुलक संस्थालाई अनुदान	९३५४२०
३६	२०७८/७९	नन्फाईलरलाई भुक्तानी	५६,९६४
३७	२०७८/७९	खर्चको मापदण्ड	४२७०००
३८	२०७८/७९	अनुत्पादक तथा वितरणमुखी खर्च	२५००००
३९	२०७७/७८	प्रकोप व्यवस्थापन	४७५३९०
४०	२०७७/७८	ठेक्का व्यवस्थापन	१९५९५७२

४१	२०७७/ ७८	ठेक्काव्यवस्थापन	५६५९४५८
४२	२०७७/ ७८	आन्तरिक नियन्त्रण प्रणाली	३६७१७८७
४३	२०७५/ ७६	कल्याणकारी कोष सञ्चालन कार्यविधि तयार नगरी कोषमा रकम जम्मा गरेको नियमित नदेखिएको	१८४६०००
४४	२०७५/ ७६	प्याकेजबनाई प्रतिस्पर्धाबाट कार्य गराउनुपर्नेमा सो नगरी पटक पटक खरिद गरेको अनियमित देखिएको	५२५००००
४५	२०७६/ ७७	स्वीकृत दरबन्दी बेगरको करार सेवा	१४९५०००
४६	२०७६/ ७७	सोझै खरिद	४९३६७५०
४७	२०७५/ ७६	नमुना विद्यालय अनुदान कार्यसम्पन्न प्रतिवेदन समेत पेस हुनुपर्ने	१५००००००
४८	२०७६/ ७७	नमुना विद्यालय अनुदान कार्यसम्पन्न प्रतिवेदन समेत पेस हुनुपर्ने	१५००००००
जम्मा			**८२७८०२८७**
कुल जम्मा			**८८८०९१७२**

देवचुली नगरपालिका, नवलपुर

(८०४४६४०३३००)

देवचुली नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १७ वडा रहेको छ भने क्षेत्रफल ११२.७२ वर्ग किलोमिटर तथा जनसंख्या ५८००३ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।१२ देखि २०८२।८।१६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्योहाराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु. २ अर्ब ३० करोड ४७ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा रु.१७०९३५।४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था अनुसार पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन देहायबमोजिम रहेको छः-

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		२१००२४८८१.६६	चालु खर्च	४९१६०२३७६.४८	४९१६०२३७६.४८
२.धरौटी	१२०२०५४८.४१		२. संघीय सशर्त	२८८०८९२५३.१८	
३.कार्यसञ्चालन कोष	९३२९८६७.१३		३. संघीय विशेष	०.००	
४. अन्य कोष प्रकोप विपद	६१४६२३८.२९		४. प्रदेश सशर्त	०.००	
यस वर्षको आय			५. प्रदेश विशेष	०.००	
१.आन्तरिक आय	६११४१८३२.९७	६११४१८३२.९७	पुँजीगत खर्च	२६२६४७७२५.९४	२६२६४७७२५.९४
२. वित्तीय हस्तान्तरण (संघ)	६३५११५८८४०.२९	६३५११५८८४०.२९	१. पालिका तर्फ	१७३००७३८१.९४	
क) समानीकरण अनुदान	१२५७११२००.००		२. संघीय सशर्त	७८२४९०५४.००	
ख) राजस्व बाँडफाँट	१०८५५२६४०.२९		३. संघीय विशेष	९००००००.००	
ग) सशर्त अनुदान	३९१८९५०००.००		४. संघीय समपुरक	०.००	
घ) समपुरक अनुदान	०.००		५. प्रदेश सशर्त	०.००	
ङ) विशेष अनुदान	९००००००.००		६. प्रदेश विशेष	२३९१२९०.००	
च) रोयल्टी	०.००		७. प्रदेश समपुरक	०.००	
छ) अन्य	०.००		अन्तर सरकारी अख्तियारी (संघ)	२८४१८०१३४.८०	२८४१८०१३४.८०
३. वित्तीय हस्तान्तरण (प्रदेश)	३८९२०९७९.७६	३८९२०९७९.७६	क) सामाजिक सुरक्षा	२१६९४६२४८.००	
क) समानीकरण अनुदान	१८३७००००.००		ख) एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्र	५९७६६६५१.००	
ख) राजस्व बाँडफाँट	१४१६२९७९.७६		ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७३३२८१९.८०	
ग) सशर्त अनुदान	०.००		घ रोजगार प्रवर्दन कार्यक्रम	१३४४१६.००	
घ) समपुरक अनुदान	३००००००.००		अन्तर सरकारी अख्तियारी (प्रदेश)		
ङ) विशेष अनुदान	३३८८०००.००		ऋण फिर्ता (साँवा)		
च) रोयल्टी	०.००		ऋणको ब्याज भुक्तानी		
छ) अन्य	०.००		धरौटी फिर्ता तथा सदर स्याहा	४३५३२८८.००	४३५३२८८.००
४ अन्तर सरकारी अख्तियारी (संघ)	२८४१८०१३४.८०	२८४१८०१३४.८०	कार्यसञ्चालन कोषबाट भएको खर्च	८१७४२२७७.००	८१७४२२७७.००

क) सामाजिक सुरक्षा	२१६९४६२४८.००		अन्य कोष देवचुली नगर अस्पताल	५०६४७९६३.००	
ख)एकिकृत स्वास्थ्य पुर्वाधार	५९७६६६५१.००		प्रकोप /विपद व्यवस्थापन कोष	१०३५३८११.००	०.००
ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७३३२८१९.८०		कार्यसञ्चालन कोषबाट भएको खर्च	२०७४०५०३.००	०.००
घ)रोजगार प्रवर्दन कार्यक्रम	१३४४१६.००		अन्य खर्च भएमा	०.००	०.००
५ . . राजश्व बाँडफाँड स्थानीय	३९०९४०४९.४५	३९०९४०४९.४५	अनुदान फिर्ता		२९५५३७०२.०७
६. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०.००	०.००	१. संघ तर्फ	२५५५६९९२.०७	
७. ऋण/ वित्तीय व्यवस्था	०.००	०.००	क) सशर्त अनुदान	२५५७६८२५.७३	
८. धरौटी आय	१२९५९०८८.००	१२९५९०८८.००	ख) विशेष अनुदान	०.००	
९. कार्यसञ्चालन कोष आय	७९२१२४९४.२९	७९२१२४९४.२९	ग) समपुरक अनुदान	०.००	
. देवचुली नगर अस्पताल	५०८००००००.००	०.००	२. प्रदेश तर्फ	३९९६७१०.००	
प्रकोप/ विपद व्यवस्थापन कोष	६००००००.००	०.००	क) सशर्त अनुदान	०.००	
कार्य सँचालन कोष विविध	२२४१२४९४.२९	०.००	ख) विशेष अनुदान	९९६७१०.००	
१०. अन्य आय भएमा	०.००	०.००	ग) समपुरक अनुदान	३००००००.००	
		०.००	अन्तिम मौज्दात		२०६६१२७९६.९३
			१. संचित कोषको मौज्दात	१७३०४०१२६.०६	
		०.००	२. धरौटी	२०६२६३४८.४१	
		०.००	३. कार्यसञ्चालनकोष नगर अस्पताल रु १५२०३६.५९ सहित	१२९४६३२२.४६	
		०.००	४. अन्यकोष	०.००	०.००
		०.००			०.००
जम्मा		१३६०६९२३०१.२२	जम्मा		१३६०६९२३०१.२२

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाट तयार भएको पालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७० अनुसूचीमा संलग्न छ ।

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । प्राप्त विवरण अनुसार पालिकाको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता (ग- ४ - १)	१७३०४०१२६।०६	१७३०४०१२६।०६	०
विविध खर्च खाता (ग - २ - ७)	१११५३८९५।१७	१११५३८९५।१७	०
प्रकोप व्यवस्थापन खाता (ग- ७ - २)	१७९२४२७।२९	१७९२४२७।२९	०
धरौटी (ग- ३ - १)	२०६२६३४८।४१	२०६२६३४८।४१	०
बैङ्क	२०६६१२७९६।९३	२०६६१२७९६।९३	०

३ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (३) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही बेहोराहरू देहायबमोजिम रहेका छन्:

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समितिले ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्ने कार्यलाई पूर्ण रूपमा कार्यान्वयन गरेको छैन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजना बैङ्क खडा गरेको देखिएन ।

• नापी नियन्त्रण खाता राखेको छैन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गराएको पाइएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु.७ करोड ४६ लाख ५० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.६ करोड ११ लाख ४२ हजार अर्थात अनुमान भन्दा १८ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

(रु. हजारमा)

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५२१७९०	६११४२	११.७१

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ११.७१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

(रु. हजारमा)

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	१६५००	६३७८	३८.६५
घरजग्गा वहाल कर	५५००	७०९२	१२८
व्यवसाय कर। रजिष्ट्रेशन समेत	१३१००	१०१४८	७७.४६
वहाल विरौटी शुल्क	१५००	६११	४०.७३

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ।

८ असुली गर्न बाँकी आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाले असुल गर्नुपर्ने राजस्व मध्ये (मुद्दामा रहेका बाहेक) केही प्रमुख करदाताहरूमध्ये निम्नानुसारका व्यवसायको आ.व. २०८१।८२ मा तिर्नुपर्ने बाँकी रहेको बक्यौता निम्नानुसार रहेको छ ।

क्र.सं.	ठेकेदारको नाम	आय ठेक्काको नाम	बुझाउनुपर्ने रकम
१	देवचुली स्क्याब सेन्टर	व्यवसाय कर	३४१००
२	धौलागिरी सिमेन्ट सामग्री उद्योग	व्यवसाय कर	६२६७८
३	नारायणी इँटा उद्योग	व्यवसाय कर	२२००००
४	सम्राट कंक्रीट उद्योग	व्यवसाय कर	४७७४०
५	सुदिप काष्ठकला उद्योग	व्यवसाय कर	५१२६०
जम्मा			४१५७७८

तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **४७,७४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	४,१५,७७८

९ **राजश्व बाँडफाँड**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१,९०७,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१० **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिका अन्तर्गत १७ वटा वडा कार्यालय रहेकोमा आ.व. २०८१।८२ मा वडा कार्यालयबाट रु.४,२०,६८,१०२।८७ असुली गरी दाखिला गरेको विवरण पेस भएको छ । अतः कार्यलयले आगामी दिनमा राजस्व असुली तथा दाखिला सम्बन्धमा पालिकाबाट नियमित अनुगमन गरी राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो।

११ **राजस्व असुली**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। सो बमोजिम राजस्व असुली तथा दाखिला सम्बन्धमा पालिकाबाट नियमित अनुगमन गर्नुपर्दछ ।

१२ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु. १,०१,४८,०००।- र सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१३ **दहत्तर बहत्तर**

पालिकाले नदीजन्य पदार्थ बिक्री वितरणको लागि आ.व. २०८१।८२ मा ठेक्काको लागि सूचना आह्वान गरेको छैन । यद्पी बौलाहा खोला पूर्व पश्चिम राजमार्गबाट उत्तर तर्फको नदीजन्य पदार्थ उपलब्ध गराउने गरी नारायणगढ-बुटवल सडक योजना (पूर्वी खण्ड) को निर्माण कम्पनी चाईना स्टेट कन्सट्रक्सन इन्जिनियरिङ्ग कर्पोरेशन लि. लाई नगरपालिकाको मिति २०८१।१०।२७ को निर्णय बमोजिम आयोजनाले ३५००० घ.मि. नदीजन्य पदार्थ मात्र नियमानुसार राजश्व लिई उपलब्ध गराइदिन अनुरोध गरेकोमा १८३८४ घ.मि. नदीजन्य पदार्थ नियमानुसार कम्पनीले उत्खनन्, संकलन र व्यवस्थापन गर्नको लागि आयोजना र पालिकाबीच सम्झौता भई तोकिएबमोजिम राजश्व रु.४७,६८,२००, मु.अ.कर रु. ६,१९,८६६ र आयकर रु.७१५२३ समेत रु.५४,५९,५८९।– दाखिला भएको छ । एकातिर पालिकाले नदीजन्य पदार्थको संकलनको लागि सूचना प्रकाशित गरेको छैन भने अर्कोतर्फ निर्माण व्यवसायीबाट माग भएबमोजिम आपूर्ति भएको नदेखिदा राजस्व संकलनमा प्रत्यक्ष प्रभाव परेकोले समयमै आय ठेक्का बन्दोबस्त गरी नगरपालिकाको राजस्व वृद्धि गर्नुपर्दछ ।

१४ **दहत्तर बहत्तरको मौज्दात**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१४३,९२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१५ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१६ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१७ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय

अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।६ मा रु. ९१ करोड १४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट सोही मितिमा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

१८ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष विपद् एवं प्रकोप व्यवस्थापन कोषमा रु. १ करोड र साना पूर्वाधारतर्फ रु. १५ लाख समेत रु. १ करोड १५ लाख विनियोजन गरेकोमा हिउँदे अधिवेशनबाट रु.४० लाख घटाई ७५ लाख अवण्डा बजेट व्यवस्था गरी विपदतर्फ ४९ योजनामा रु. १ करोड ३ लाख ५३ हजार खर्च गरेको छ। बजेट अवण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

भौ.नं.	योजनाकोनाम	बजेट / खर्च
४०।२।२१	बगाहा खोला बाह्रकोल सिचाई योजना	५९८६०
३४।८२।१।१९	विशालटार खा.पा. तथा सरसफाई उ.स.	१२८९६२

१९ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार १७ वडाको लागि वडागत र पालिकास्तरका कुल २४६ योजनामा बजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	११७	१	४०	७६
२	वडास्तरीय	१२९	६	१६	१०७
जम्मा		२४६	७	५६	१८३

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लिखित योजना मध्ये २४५ योजनामात्र कार्यान्वियन भई १ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

२० **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा केन्द्रीय स्तरका योजनाको

नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । जिम्मेवार पदाधिकारीले तोकिएको ढाँचामा बजेट तथा खर्चको वार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

२१ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २६ करोड २६ लाख ४७ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले खरिद योजना बनाएतापनि पूर्ण कार्यान्वयन नभएकोले उक्त नियमावली बमोजिम व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२२ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	७८६९६०००	५५०६४१७६	७.३
२	सामाजिक विकास	४३६२८१०००	३९८२२२७९३	५२.८
३	पूर्वाधार विकास	१८१९३९०३९	१४८११४९९१	१९.६
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	४००१०९६१	२५८२२९९२	३.४
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१६४५१०३६४	१२७०२५१५०	१६.८
कुल जम्मा		९०१४३७३६४	७५४२५०१०२	१००

उपर्युक्त विवरण अनुसार कुल खर्च मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५२.८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ३.४ प्रतिशत खर्च रहेको छ ।

२३ खर्च विश्लेषण

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. ६ करोड ११ लाख ४२ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु ६८ करोड ३६ लाख समेत रु. ७४ करोड ४७ लाख ४२ हजार आम्दानी भएकोमा चालु तर्फ रु ४९ करोड १६ लाख २ हजार र पूँजिगत तर्फ रु २६ करोड २६ लाख ४७ हजार समेत रु ७५ करोड ४२ लाख ५० हजार (मौज्दातबाट समेत) खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. २ करोड ३७ लाख ४२ हजार खर्च भएको छ जुन आन्तरिक आयको ३८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५ प्रतिशत चालु र ३५ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२४ पुँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष सशर्त तथा पालिका पुजीगत शिर्षकबाट रु.२६ करोड २६ लाख खर्च गरेकोमा रु.११ करोड १९ लाख अर्थात् ४२ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु. ३ करोड ३० लाख, कोटेशनबाट रु. २ करोड ९० लाख, ,अमानतबाट रु. ४२ लाख र उपभोक्ता समितिबाट रु.८ करोड ४५ लाख को खरिद गरेको छ। सोझै, अमानत तथा

उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

२५ **कार्य सञ्चालन तथा अन्य कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष कार्य सञ्चालन तथा प्रकोप व्यवस्थापन कोष जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.१ करोड ५४ लाख ७६ हजार सहित रु. ९ करोड ४६ लाख ८८ हजार आय र रु.८ करोड १७ लाख ४२ हजार खर्च गरी रु. १ करोड २९ लाख ४६ हजार मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरोपना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

२६ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु. हजारमा)

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगतखर्चतर्फ	२६२६४७	६१५९	३०६६८	४४६७५	१८११४५	१३६२४९
प्रतिशत	१००	२.३४	११.६७	१८	६८.६	५१.८७

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. २६ करोड २६ लाख ४७ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ६१ लाख ५९ हजार (२.३४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३ करोड ६ लाख ६८ हजार (११.६७ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४ करोड ४६ लाख ७५ हजार (१८ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१८ करोड ११ लाख ४५ हजार (६८.६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १३ करोड ६२ लाख ४९ हजार (५१.८७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२७ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान नियमानुसार लिलाम गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०८२।४।२१ मा खर्च भएर नजाने जिन्सी सामानको मात्र जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा मर्मत तथा लिलाम गरेको छैन भने खर्च भएर जाने सामानको जिन्सी निरीक्षण नगरेकोले नियमावली बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन अनुसार मर्मत तथा लिलाम बिक्री गर्नुपर्दछ ।

२८ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले

हालसम्म ३४ वटा ऐन, ६ वटा नियमावली, ४२ कार्यविधि, ५ निर्देशिका, ५ अन्य ढाँचा लगायत ९२ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

२९ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १६ र यो वर्ष थप भएको ५४ गरी कुल ७० विवाद दर्ता भएकोमा ६५ वटा मात्र फर्स्यौट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३० सहकारी नियमन

३०.१ सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र १९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट १२ वटाले विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३०.२ **निष्कृय सहकारी-** लेखापरीक्षणको क्रममा श्री कृषक बहुमुखी सहकारी संस्था लि. रजहरको आ.व. २०७९।८० को लेखापरीक्षण प्रतिवेदनमा निक्षेप रु.३६,०९,७२०।– रहेको देखिन्छ । तत् पश्चात लेखापरीक्षण तथा साधारण सभा समेत नभई निष्कृय रहेको पाइयो । मिति २०८१।८।२६ मा सहकारीको अध्यक्षबाट समेत साबिकको समितिबाट बरबुझारथ नभएकोले छानबिन गर्न पालिकामा निवेदन दिएको सन्दर्भमा नगरपालिकाले थप कारबाही गरेको नदेखिदा मातहत सहकारीको नियमानुसार अनुगमन गरी निक्षेपकर्ताको रकमको सुरक्षा सुनिश्चित गरिनुपर्दछ।

३१ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ४४ संघसंस्था र व्यक्तिहरूलाई रु.२ हजार देखि ५० हजार सम्म रु.१४,१४,००० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण गरी सार्वजनिक गर्नुपर्दछ ।

३२ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३३ देवचुली नगर अस्पताल

देवचुली नगर अस्पताल, दुम्कौली सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को सि.नं. १० मा लेखापरीक्षण सम्बन्धी व्यवस्था रहेको छ । उक्त सि.नं. को व्यवस्था अनुसार नगर अस्पतालको आन्तरिक लेखापरीक्षण आ.ले.प. शाखाले र बाह्य लेखापरीक्षण मान्यता प्राप्त लेखापरीक्षकबाट नगरपालिकाले तोकेको लेखापरीक्षकले गर्ने उल्लेख छ । तर नगरपालिकाले पेस गरेको आ.व. २०८१।८२ को एकीकृत वित्तीय विवरणमा नगर अस्पतालको निम्नानुसार आम्दानी,खर्च तथा मौज्दात समेत समावेश गरी पेस गरेकोमा उल्लिखित व्यवस्था बमोजिम कारोबारको लेखापरीक्षण भएको छैन ।

सुरु मौज्दात	आम्दानी	खर्च	बाँकी
०	५०८०००००	५०६४७९६३	१५२०३६।५९

३४ प्रशासनिक संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०८ दरबन्दी स्वीकृत रहेकोमा विभिन्न पदका ९८ पदमा पदपूर्ति भई १० पद रिक्त देखिन्छ। रिक्त मध्ये आ.ले.प अधिकृत १, कृषि अधिकृत १, प्राविधिक सहायक १, सवईन्जिनियर ३, प्रशासन सहायक ३ तथा कम्प्यूटर अपरोटर १ रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्नसक्ने देखिन्छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

३५ तलबी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, को दफा ७(ख), स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८क तथा गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ७४ समेतमा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष कानुनबमोजिम तोकिएको निकायबाट तलबी प्रतिवेदन पारित नगराई नगरपालिका तर्फका ७२ कर्मचारी तथा सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३६ कर्मचारीको रु. ३ करोड १५ लाख ३४ हजार पारिश्रमिक खर्च लेखेको छ । नियमानुसार तोकिएको निकायबाट तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले नियमानुसार तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३६ आयोगको परामर्श

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

३७ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबरको रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रकम जम्मा गरेको छैन । हाल सम्म उक्त कोषमा रु ५६ लाख ७२ हजार ४४० जम्मा भैसकेको छ ।पालिकाले कर्मचारी कल्याण कोषको सञ्चालन, कोषमा कर्मचारीको योगदान र कोषबाट कर्मचारीले पाउने सुविधा सम्बन्धमा कुनै पनि कानुनी व्यवस्था कार्यान्वयनमा ल्याएको देखिएन । तसर्थ कर्मचारी कल्याण कोषको सञ्चालन कार्यविधि बनाई कार्यान्वयन गर्नुपर्दछ।

३८ शिक्षा सुधार कोष

(१।०८२।२।२८) शिक्षा सुधार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ बमोजिम यस कोषको उद्देश्य देवचुली नगरपालिकाबाट शिक्षा क्षेत्रमा गरिने लगानीलाई व्यवस्थित गरी बढी उपयोगी, पारदर्शी बनाई गाउँको समग्र शैक्षिक विकासमा गुणात्मक सुधार गर्नु हो । चालु वर्ष उक्त कार्यक्रमको लागि आर्थिक वर्ष २०८१।८२ को स्वीकृत कार्यक्रममा देहाय बमोजिमको स्रोतबाट रु.४० लाख बजेट विनियोजन गरेकोमा सो रकम पालिकाको विविध खर्च खाता (ग-२-७) मा रु. ४० लाख ट्रान्सफर गरेकोमा थप व्यहोरा निम्नानुसार छन्:

क्र.सं.	स्रोत	रकम (रु.)
१	राजस्व बाँडफाँड स्थानीय	१००००००
२	नेपाल सरकार समानीकरण अनुदान	१५०००००
३	राजस्व बाँडफाँड संघीय सरकार	१००००००
४	गण्डकी प्रदेश समानीकरण अनुदान	५०००००
जम्मा		४००००००

यस वर्ष खर्च भएको रु.९,६४,५०१।– खर्च भइ रु.३०,३५,४९९।– बाँकी रहेकोमा निम्नानुसारको कार्यमा खर्च भएको छ ।

भौ.नं. र मिति	विवरण	रकम (रु.)
२।२।२८	१० वटा विद्यालयमा स्मार्ट टि.भी. जडान बापत (डि.एण्ड जि. सप्लायर्स)	४७२०००
५।३।२४	देवचुली मा.वि. मा ट्रस निर्माण	५०००००

पालिकाले कोषका धेरैवटा खाता सञ्चालन नगरी एकीकृत खातामार्फत कोषको उद्देश्य बमोजिम खाता सञ्चालन गर्नुपर्दछ।

३९ अनुदानको अनुगमन मूल्याङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । सार्वजनिक निकायबाट उपलब्ध गराइएको अनुदानको सही सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले यस वर्ष विभिन्न कृषक तथा कृषि समूहहरूलाई भौ.नं. १६२,७१९,७२७ समेतबाट निम्नानुसार रु.५६ लाख ३३ हजार अनुदानमा कृषि सामग्री तथा बिऊ समेत उपलब्ध गराएको विवरण प्राप्त भएकोमा पालिकाले अनुगमन गर्दा अनुदानको सही उपयोग गरेको जनाएको छ । आवधिक रुपमा अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी अनुदान रकमको पूर्ण सदुपयोग गराउने तथा अनुदानग्राहीको विवरण समेत बेवसाइट मार्फत सार्वजनिकीकरण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

अनुदान विवरण	रकम (रु.)
मकै पकेट क्षेत्रमा मकैको बीउ ५० प्रतिशत अनुदानमा वितरण	३०६४००
मसला बाली प्रवर्द्धन कार्यक्रम अन्तरगत बेसारको बीउ ५० प्रतिशत अनुदानमा वितरण	८१०००
च्याउ प्रवर्द्धन कार्यक्रम संचालन भएको ५० प्रतिशत अनुदानमा च्याउको बीउ वितरण कार्य सम्पन्न	३६६७५०
यन्त्र उपकरण खरिद ५० प्रतिशत अनुदान हाते ट्र्याक्टर	७११५००
यन्त्र उपकरण खरिद ५० प्रतिशत अनुदान धान काट्ने मेसिन	४२००००
तरकारी पकेट ५० प्रतिशत अनुदान	३१०५५७
५० प्रतिशत अनुदानमा फलफूल विरुवा वितरण कार्यक्रम	२४५२५०
आकस्मिक बाली संरक्षण	१९९७६३
उन्नत बीउ उपयोगमा अनुदान धान गहुँ ५० प्रतिशत अनुदान	१६०००००
चुन जिंक तथा जिप्सन वितरण ८५ प्रतिशत अनुदान	११७६१९
नगर सवारि घर-घरमा करेसाबारि कार्यक्रम	५८७७७५
त्रिपाल वितरण ५० प्रतिशत अनुदान	२८००००
स्प्रे ट्याङ्कि ५० प्रतिशत अनुदान	३५७५००
तेलहन बाली प्रवर्द्धन ५० प्रतिशत अनुदान	४८९५०
जम्मा	५६३३०६३

४० **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न व्यक्ति एवं संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्योंट नभई रु.७६४२९७।३६ बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको चालु आ.व. को म्याद नाघेको पेश्की रु. ६९७५९१।६८ फस्योंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्योंट गर्नुपर्ने रु.

पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	चालु आ. व. को पेश्की		गत आ.व.सम्मको पेश्की		जम्मा बाँकी पेश्की		
	म्याद ननाघेको	म्याद नाघेको	म्याद ननाघेको	म्याद नाघेको	म्याद ननाघेको	म्याद नाघेको	जम्मा
नेपालविधुत प्राधिकरण	०	०	०	३३७२१६.	०	३३७२१६.	३३७२१६.
नेपालविधुत प्राधिकरण	०	०	०	५०,०००.००	०	५०,०००.००	५०,०००.००
नेपालविधुत प्राधिकरण	०	०	०	५०,६३०.७०	०	५०,६३०.७०	५०,६३०.७०
नेपालविधुत प्राधिकरण	०	०	०	३०७.६६	०	३०७.६६	३०७.६६
मालपोत कार्यालय कावासोती	०	०	०	१०००००.	०	१०००००.	१०००००.
नेपालविधुत प्राधिकरण	०	६९७५९१.६८	०	०	०	६९७५९१.६८	६९७५९१.६८
नेपालविधुत प्राधिकरण	६६,७०५.६८	०	०	०	६६,७०५.६८	०	६६,७०५.६८
प्रगतिशिल कृषक डिप ट्युवेल सिचाई जल उपभोक्ता समिति	०	०	०	३३,०००.००	०	३३,०००.००	३३,०००.००
मुक्तिक्षेत्र सडक उपभोक्ता समिति	०	०	०	९०००००.	०	९०००००.	९०००००.
जम्मा	६६,७०५.६८	६९७,५९१.६८	०.००	१,४७१,१५४.३६	६६,७०५.६८	२,१६८,७४६.०४	२,२३५,४५१.७२

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१९०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **६१,७१५.२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	६,९७,५९१.६८

४१ **परामर्श सेवा (डीपिआर)**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्ने साथै लागत अनुमान तयार गर्दा स्वीकृत नम्स तथा जिल्ला दररेटको आधारमा गर्नुपर्नेमा पालिकाले परामर्शकताबाट दररेट माग गरी स्वीकृत बजेटको आधारमा

लागत अनुमान तयार गरेको हुनाले लागत अनुमान यथार्थपरक भए नभएको विषयमा एकिन हुन सकिएन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार गरी परामर्श सेवा खरिद गरिनुपर्दछ ।

भौचरनं.।बापत	परामर्शदाता	स्वीकृतरकम	खर्चरकम
११२९	मातृशक्ति कन्सट्रक्सन एण्ड इन्जिनियरिङ्ग क.प्रा.लि.	४९९३०७	४९९३०७

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।परामर्श सेवा खरिद तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले परामर्श सेवा खरिद गर्दा दक्ष जनशक्तिको अभाव भएको कारण परापर्शदाताबाट सेवा खरिद गर्नु परेको भन्ने जवाफ दिएतापनि यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजना कार्यान्वियनमा गएको नदेखिएकोले खर्चको सार्थकता देखिएन । यस सम्बन्धमा आ.व. २०८२।८३ मा कार्यान्वियनको चरणमा रहेको कार्यालयको भनाई रहेको छ ।

४२ कन्टिन्जेन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। कार्यालयले सशर्ततर्फ ३ प्रतिशत र नगरपालिका तर्फ १.५ प्रतिशत छुट्टाएकोमा मोटरसाइकल खरिद, कार्यालय सामान लगायतमा रु.१४,८१,७९९।- खर्च भएको विवरण पेस भएको छ।

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

४३ औषधि खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले सशर्त र पालिका बजेट उप शिर्षकबाट E-Bidding गरी रु. २८ लाख ६१ हजारको औषधि खरिद गरेकोले औषधीको खरिद र वितरण तथा मौज्दातलाई व्यवस्थित बनाउनुपर्दछ ।

४४ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रूपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरूमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरू २८९२ जना रहेका छन् । पालिकाले विद्युतीय बोलपत्रमार्फत आ.व. २०८१।८२ मा २० हजार प्याकेट स्यानिटरी प्याड रु. १४ लाख १ हजारमा खरिद गरी विभिन्न विद्यालयमा हस्तान्तरण गरेको छ ।

४५ नमुना विद्यालय

४५.१ (५६/०८२।३।२०) सशर्त अनुदानबाट कार्यान्वयन हुने विद्यालय शिक्षा क्षेत्रको कार्यान्वयन योजना २०८१।८२ को सि.नं. ८.३(१) बमोजिम नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान उपलब्ध गराउँदा विद्यालयसँग निर्माणको सम्झौता गरी नियमानुसार खर्च गर्ने, लेखा राख्ने, लेखापरीक्षण गर्ने लगायत सम्पूर्ण कार्यको जिम्मेवार विद्यालयलाई बनाउने गरी सशर्त अनुदान विनियोजित रकम विद्यालयलाई निकासा दिनुपर्नेमा पालिकाले भिमसेन आदर्श मा.वि.को २०८२।१।२२ को पत्रबाट विद्युतीय टेण्डरको प्रक्रिया अगाडि बढाउन अनुरोध गरी आएअनुसार लागत अनुमान रु. १,५८,९७,०९८।– (भ्याट सहित) स्वीकृत गरी बोलपत्र मार्फत आह्वान् गरिएकोमा मल्टी इन्जिनियरिङ्ग निर्माण सेवासँग मिति २०८२।७।३० सम्म सम्पन्न गर्ने गरी रु.१,०९,८६,८१६।९७ (भ्याट सहित) मिति २०८२।३।१५ मा (ठे.नं. २०।०८१।८२) संघीय सशर्तको रु. १ करोड र विद्यालयबाट रु.९, ८६,८१६।९७ व्यहोर्ने गरी सम्झौता भएकोमा पालिकाबाट रु.९८,५१,८७८।– भिमसेन मा.वि. को नाउँमा खर्च लेखेको छ । पालिकाले उल्लेख गरेको स्रोत सुनिश्चितता पत्र अनुसार गत वर्षको मौज्दात रु.४०,५०,०००।– र यस वर्षको रु.९८,५१,८७८।– समेत रु.१,३९,०१,८७८।– मध्ये रु.१,०९,८६,८१६।९७ (भ्याट सहितको) सम्झौता भएकोले गत वर्षको मौज्दात कार्ययोजना स्वीकृत गरी निर्माण सम्पन्न प्रतिवेदनको आधारमा फरफारक गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४०,५०,०००

४५.२ **कार्य मूल्याङ्कन पेस नभएको-**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रु **३,२०४,६२१.६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४६ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरूको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २ बर्थिङ सेन्टरमा गत आ.व. २०८०।८१ मा खरिद नगरेको र यस वर्ष ५५५ थान को रु.४,९०,९८५ मा खरिद गरेकोमा गत वर्ष २९५ जना र यस वर्ष १७० जना गरी ४६५ जना प्रसुति भएको अभिलेख अनुसार खर्च भएको छ । माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४७ **अन्तरसरकारी अख्तियारी (१५ शैयाको अस्पताल भवन निर्माण)**

(भौ.नं. र मिति ११८।०८१।११।२१) नगरपालिकाले १५ शैयाको नगर अस्पताल निर्माण गर्नको लागि रु.१२,४८,५२,७२०।– (भ्याट सहित) मा सुनकोशी कन्सट्रक्सनसँग ठे.नं.५।०७७।७८ अन्तर्गत २०८०।१।८ गते सम्म (मिति २०८२।६।३० सम्म म्याद थप) सम्पन्न गर्ने गरी मिति २०७८।१।९ मा सम्झौता गरेकोमा हालसम्म रु.१२,८१,२९,६४९।८४ (मूल्य समायोजन समेत) भुक्तानी भएकोमा १५ शैयाको नगर अस्पतालको निर्माण व्यवसायी सुनकोशी कन्सट्रक्सनलाई स्वास्थ्य मन्त्रालयको पत्रानुसार भेरिएसन,मूल्य समायोजन,पुरस्कार लगायतका शीर्षकमा थप रकम निकासा नहुने भएकोले स्थानीय तहले व्यवस्था गरी भुक्तानी गर्ने व्यहोराको परिपत्र भए बमोजिम नगर सभाको २०८१।९।५ को निर्णय सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५५ तथा नियमावली २०६४ को नियम ११९ र ठेक्का सम्झौताको GCC को शर्त नं ५३.१ बमोजिम मूल्य समायोजन बापतको रकम रु.१,६४,४०,८४५।२० म्याद थप हुनुपुर्वको भुक्तानी भएको छ । स्वास्थ्य मन्त्रालयको मिति २०८१।७।२९ को पत्रानुसार भेरिएसन, मूल्य समायोजन, पुरस्कार लगायतका विषयमा थप निकासा गर्न नसकिने गरी परिपत्र भएकोमा अन्तरसरकारी कारोबार अन्तर्गत विनियोजित रकमबाट रु.१६४४०८४४ मूल्य समायोजन बापतको रकम भुक्तानी भएकोमा नवौं रनिङ्ग बिलबापतको रु.६७,०५,०२१।– पालिकाको स्रोतबाट भुक्तानी भएकोले संघीय सरकारको स्रोतबाट मूल्य समायोजन बापत रु. ९७,३५,८२३।– भुक्तानी भएको अवस्थामा अन्तिम बिल भुक्तानी गर्दा संघीय सरकारको स्रोतबाट भुक्तानी नगरी पालिकाको स्रोतबाट नै भुक्तानी गर्नुपर्ने देखिन्छ । यस सन्दर्भमा पालिकाले चालु आ.व. मा अस्पताल सञ्चालनमा आइसकेको र आ.व. २०८२।८३ को बजेटको सि.नं.१६९ र १७० मा पालिकामा प्राप्त हुने समानीकरण अनुदान र

आन्तरिक स्रोतबाट रु.१ करोड १० लाख व्यवस्था गरिएकोले अस्पतालको थप दायित्व भुक्तानी गरी कार्यसम्पन्न गरिने र चालु आ.व. मा समेत संघीय सरकारबाट रकम निकासा नभएकोले नगरपालिका आन्तरिक स्रोतबाटै व्यहोरिने जनाएको छ ।

४८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १७ वडामध्ये १५ वडामा २१ योजना सञ्चालन गरी यस वर्ष १३४ जनालाई औसत ५० दिनले ६७०० दिन रोजगारी उपलब्ध गराई रु.४४,२७,०१३ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४९ **तराई मधेश समृद्धि कार्यक्रम**

४९.१ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **६७,५४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४९.२ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **४०६,०६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५० **सशर्त अनुदान संघीय बचत रकमबाट खर्च**

(८१।३।२५) शान्तिबाटिका शहिद पार्क पर्यटन क्षेत्र विकास योजना देवचुली १२ को लागि ५४ लाख बजेट विनियोजन भएकोमा १२।०८१।८२ अन्तर्गत बरचुली इन्जिनियरिङ्ग प्रा.लि. सँग रु.४०,५६,३८८।– को सम्झौता भई रु.३८,५६,७८९।– को कार्यसम्पन्न पेस भएको छ । उक्त विनियोजित रकम मध्येबाट खर्च नभई बाँकी रहेको रकमबाट एस.एन. कन्सट्रक्सन सँग दरभाउपत्रबाट थप काम बापत रु. ८,९९,८६६।– भुक्तानी भएको छ। मिति २०८२।३।१ को कार्यपालिकाको निर्णय नं. ७ बाट सोही स्थानमा थप निर्माण कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिए अनुसार खर्च गरेको छ । तर कुन थप कामको लागि कार्यपालिकाले निर्देशन दिएको हो नखुलाएको अवस्थामा पार्क भित्रको विभिन्न कार्य गरेको मुल्याङ्कनको आधारमा भुक्तानी दिएकोले स्पष्ट कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

५१ **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (पुँजीगत)**

पालिकाको स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अनुसार प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) अन्तर्गत देवचुली डाँडा पर्यटन प्रवर्द्धनतर्फ रु. ४० लाख बजेट विनियोजन भएकोमा प्रदेश सरकारको रु.४० लाख र नगरपालिकाले व्यहोर्ने रु.१,४२,५१७।७३ समेत रु.४१,४२,५१७।७३ (भ्याट सहित) को लागत अनुमान गराई टिकट काउन्टर घर, पदमार्ग, रेलिङ्ग, लगायतको कार्यको लागि तिनकन्या निर्माण सेवासँग रु.३४,३९,४८२।९९ (भ्याट सहित) मा मिति २०८२।२।३० भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा ट्वाइलेट, वाटरट्याङ्क (मुहान नै नभएको), अवलोकन कक्ष लगायतको कार्य हुन सकेको देखिएन । यद्यपी निर्माण

व्यवसायीले तोकिएको कार्य सम्पन्न नगरेको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति नलिएको अवस्थामा कार्यस्वीकार प्रतिवेदन तयार गरी मूल्याङ्कनको आधारमा रु.२४,६३,०३८ भुक्तानी दिएकोले सम्पूर्ण कार्य सम्पन्न भएपश्चात मात्र कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्दछ ।

क) त्यसैगरी झराही खोला सिँचाई कार्यक्रम अन्तर्गत गण्डकी प्रदेश समपुरक अनुदान अन्तर्गत रु. ६० लाख बजेट स्वीकृत गरिएकोमा गैडाँकोट र देवचुली न.पा. को सिमानामा विवाद भएको कारण प्राप्त ३० लाख पनि खर्च नभई फिर्ता भएकोले निर्माणस्थलको सुनिश्चितता गरेर मात्र बजेट विनियोजन गरी कार्यान्वियन गर्नुपर्दछ।

५२ **निजी क्षेत्रसँगको साझेदारीमा फोहरमैला व्यवस्थापन-**

निजी क्षेत्र सँगको साझेदारीमा फोहरमैला व्यवस्थापनको दिगो व्यवस्थापन गर्न परियोजना कार्यान्वयनको लागि प्रस्ताव आह्वान भएकोमा बजरंगबली मल्टीप्रपोज प्रा.लि. ले पेस गरेको देवचुली १७ रजहर स्थित स्थान प्रस्ताव गरी निम्नानुसार रु. ७५ लाख बजेट विनियोजन भएकोमा प्रस्तावित स्थानमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा नै विवाद भएको कारण खर्च भएको देखिएन । उपयुक्त स्थानको छनौट गरी फोहरमैला व्यवस्थापनको उचित प्रबन्ध गर्नुपर्दछ ।

क्र.सं.	स्रोत	रकम (रु.)
१	नेपाल सरकार समानीकरण अनुदान	५००००००
२	राजस्व बाँडफाँड	१५०००००
३	गण्डकी प्रदेश समानीकरण अनुदान	१००००००
जम्मा		७५०००००

५३ **उपभोक्ता समितिबाट जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

गो.भौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	**भुक्तानी रकम**
३६४/०८२।३।२२	नवसिर्जना चोक नजिकको निर्माण उ.स.	कल्भर्ट निर्माण	७९९५६८
३७१/०८२।३।२३	वडा नं. ४ उ.स.	कभर्ड हल निर्माण	८०००००
३७५/०८२।३।२३	टाइकोट टोल विकास उ.सं.	सामुदायिक भवन	४९३५००

नियमावलीको व्यवस्था अनुरूप कार्य गराउनुपर्दछ ।

५४ **अनुगमन तथा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी या कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय बनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शीर्षक बाट भ्रमण खर्च, अन्य भ्रमण खर्चमा रु ४८१००० र अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षकमा रु.१७९४००० खर्च

लेखेको छ तर भ्रमणको उद्देश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, दुरीको विवरण आदि पूर्ण रुपमा अद्यावधिक राखिएको छैन । भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीहरुले भ्रमणको पूर्ण विवरण सहित भ्रमण प्रतिवेदन पेश गनुपर्दछ साथै भ्रमण खर्चलाई मितव्ययी तरिकाले आवश्यकताको आधारमा खर्च गर्नुपर्दछ ।

५५ **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन र मेशिनरी औजार मर्मत सम्भारको लागि रु. २० लाख बजेट विनियोजन गरेकोमा मर्मत सम्भारमा रु. १९ लाख खर्च गरेको छ । मर्मत सम्भारमा भएको खर्च मध्ये अधिकांश खर्चको सम्बन्धमा लागत अनुमान तयार गरेको पाइएन । तसर्थ मर्मत सम्भार सम्बन्धी खर्च गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

५६ **इन्धन खर्च**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८ को दफा १० को उपदफा १, २ र ३ मा भएको व्यवस्था अनुसार कार्यालयले ईन्धन खर्चमा मितव्यीता ल्याई खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले ईन्धनका लागि कार्यालय प्रयोजन, पदाधिकारी तथा ब्याक-हु लोडर लागि रु.४१ लाख ५० हजार बजेट विनियोजन गरी रु ४० लाख ६७ हजार खर्च गरेको छ । ईन्धन प्रयोग गर्दा PAMS को v2 बाट निकालिएको कुपनको प्रयोग गरी सवारी साधनको लगबुकको आधारमा खर्चमा मितव्ययीता ल्याउने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

सि.न	ईन्धन खर्च शिर्षक	विनियोजित बजेट	खर्च रकम
१	कार्यालय प्रयोजन ईन्धन	२५००००००	२४६९०००
२	पदाधिकारी ईन्धन	१५००००००	१५००००००
३	अन्य प्रयोजन	१५०००००	९८०००
	जम्मा खर्च	४१५००००	४०६७०००

५७ **वितरणमुखी कार्यक्रम**

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

५८ **संघ संस्थाको खर्च**

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ । स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा गाउँपालिका शीर्षकबाट रु. ६२७९७४ भुक्तानी दिएको पाईयो ।यस्तो कार्यलाई निरुत्साहित गरी उत्पादनशील कार्यक्रममा मात्र बजेट विनियोजन गर्नुपर्दछ । केही उदाहरण

भौ.नं.	भुक्तानी पाउने संस्थाको नाम	प्रयोजन	रकम
२९२।९।१०	देवचुली जेसिस	कार्यक्रम संचालन गर्ने	२५०००
५५४।१२।०४	उद्योग वाणिज्य संघ, गौडाकोट	विविध खर्च	३००००
६६४।१।०३	होटल व्यवसायी संघ	विविध खर्च/साग्रगी	१९७०००

५९ **दूधमा अनुदान**

देवचुली न.पा पशु सेवा संचालन कार्यविधि, २०८० को वुँदा नं १५ मा पालिकाले दुध उत्पादन गर्ने सहकारी संस्थाको बैंक खातामा दुध उत्पादन परिमाणको आधारमा प्रति लिटर रु १ का दरले अनुदान रकम जम्मा गरिने तथा उक्त रकम सम्बन्धित सहकारीले कृषकलाई भुक्तानी दिने व्यवस्था छ ।पालिकाले भौचर नं ११९२।०८२।३।१५ बाट निम्न सहकारी संस्थालाई कृषक बाट उत्पादित दुधको परिमाणको आधारमा प्रति लिटर रु १ का दरले २४ लाख १३ हजार लिटर दुधको रु २४१३४२२ भुक्तानी गरेको छ ।दुध उत्पादन गर्ने कृषकको बैंक खातामा रकम जम्मा हुँदा अनुदानको प्रभावकारिता बढ्ने हुँदा पालिकाले सहकारी संस्थामार्फत कृषककै बैङ्क खातामा भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ ।

सहकारीको नाम	संकलित दुध(लिटरमा)	अनुदान रकम
श्री उन्नत उत्थान दुग्ध उत्पादन सहकारी लि	४३९१४५	४३९१४५
श्री दलदले दुग्ध उत्पादक सहकारी लि	१४१७०८०	१४१७०८०
श्री शुभलक्ष्मी दुग्ध उत्पादक सहकारी लि	२३७१९७	२३७१९७
श्री सकलादेवी समाजिक सहकारी	३२००००	३२००००
जम्मा	२४१३४२२	२४१३४२२

६० **विविध खर्च**

यो वर्ष विविध कार्यक्रम खर्च शीर्षकबाट रू.५७४००० हजार तथा विविध खर्च शिर्षकबाट रु १५६९००० गरी रु २१४३००० खर्च गरेको छ । पालिकाले त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ। यस्तो प्रवृत्तिमा नियन्त्रण गर्न खर्चको मापदण्ड निर्माण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

६१ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा)**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरू प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गरी प्राप्त रकम राजस्व दाखिला गर्ने,त्यसरी बिक्री तथा वितरण हुन नसकेका सामान वा वस्तुहरू सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारका लागि कोसेली घर, सौगात गृह,बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने व्यवस्था मिलाउने र त्यसरी पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। वडा नं १७ मा ढाकाको पोशाक बनाउने सम्बन्धी सिप विकास तालिम सञ्चालन गर्दा शशी ढाका कपडा उद्योगबाट रु.१०३५५७ को कपडा समेत खरिद गरेकोमा उक्त तालिमबाट तयार भएका तयारी वस्तुहरूको सम्बन्धमा स्पष्ट अभिलेख समेत राखेको देखिएन ।(भौ.नं. ३३६ सशर्त चालु) तयार भएका सामान वा वस्तुको अभिलेख राखी कार्यविधि बमोजिम व्यवस्थापन गर्नुपर्दछ । साथै सञ्चालित सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण समेतका कार्यक्रमहरूको दफा ५८ बमोजिम शाखा तथा उद्यम विकास समितिबाट अनुगमन गरी प्रतिवेदन पेस गरेको नदेखिदा निर्देशिका बमोजिम अनुगमन गरी प्रतिवेदन पेस गर्नुपर्दछ ।

६२ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २७ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	विभिन्न सामुदायिक विद्यालय	३१७	३०७	१०३	११६६६

शिक्षक दरबन्दी बमोजिम पदपूर्ति गर्नुपर्दछ ।

६.३ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ को नियम ७७ अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमश: पचास, पैँतालिस र चालीस हुनुपर्ने, शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३ मा शिक्षक दरबन्दी मिलान गर्दा हिमाल, पहाड र तराईका लागि शिक्षक विद्यार्थी अनुपात क्रमश: चालिस, पैचालीस र पचासलाई स्थानीय तहको शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचानको आधारको रूपमा लिने व्यवस्था छ । त्यसैगरी सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ को दफा ५ मा समेत विद्यालय समायोजन एवं एकीकरणका आधारहरू रहेका छन् । पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गतका सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ:

क्र.स.	विद्यालयको नाम	ठेगाना	सन्चालित कक्षा	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या	अनुपात
१	नेपाल मा.वि.	देवचुली -१	०-१२	३८	३७	८	१८६६	१:५०
२	सकलादेवी मा.वि .	देवचुली -५	०-१०	१६	१५	३	५३९	१:३६
३	भीमसेन आदर्श मा.वि.	देवचुली -७	०-१२	३९	३६	१०	२१९४	१:६१
४	कालिका मा.वि.	देवचुली -९	०-१०	१६	१६	८	५२५	१:३३
५	पृथ्वी मा.वि.	देवचुली -१०	०-१२	२०	१९	१२	५१०	१:२७
६	जनज्योति नमुना मा.वि.	देवचुली -१४	०-१०	२०	१९	७	४८०	१:२५
७	जनज्योति मा.वि.	देवचुली -१५	०-१२	२५	२५	३	१०२८	१:४१
८	पशुपति सा.आ.स.मा.वि.	देवचुली -१५	६-१२	८	८	१	८७	१:११
९	देवचुली मा.वि.	देवचुली -१६	०-१२	३३	३१	१२	९२४	१:३०
१०	वरचुली मा.वि.	देवचुली -१७	०-१०	२४	२४	१०	११५७	१:४८
११	शान्ती सिर्जना आ.वि.	देवचुली -४	०-८	९	९	३	३१७	१:३५
१२	नेपाल धर्ती आ.वि.	देवचुली -५	०-५	३	३	०	३८	१:१३
१३	सरस्वती आ.वि. कुम्सोत	देवचुली -६	०-५	२	२	१	३६	१:१८
१४	बालकिरण आ.वि.	देवचुली -६	०-५	४	४	२	८४	१:२१
१५	नेपाल राष्ट्रिय शारदा आ.वि.	देवचुली -६	०-८	७	७	३	१९७	१:२८
१६	मिलिजुली आ.वि.	देवचुली -८	०-५	२	२	०	७५	१:३८
१७	मनकामना आ.वि.	देवचुली -९	०-५	९	८	३	३९४	१:४९
१८	नव नेपाल आ.वि.	देवचुली -१०	०-५	४	४	१	८६	१:२२
१९	सूर्यकिरण आ.वि.	देवचुली -११	०-५	३	३	०	१५९	१:५३
२०	दिव्यज्योति आ.वि.	देवचुली -१२	०-८	८	८	२	२०८	१:२६
२१	कुमारवर्ती आ.वि.	देवचुली -	०-८	६	६	४	१८८	१:३१

		१३						
२२	वाल्मिकी आ.वि.	देवचुली - १४	०-५	३	३	१	१०१	१:३४
२३	नारायणी आ.वि.	देवचुली - १५	०-५	३	३	१	८७	१:२९
२४	प्रभात जनता आ.वि.	देवचुली - १६	०-८	७	७	३	१२०	१:१७
२५	सरस्वती आ.वि.कुलेनी	देवचुली - १७	०-५	२	२	२	५०	१:२५
२६	सरस्वती आ.वि. बेलस्वारा	देवचुली - १६	०-५	२	२	१	५३	१:२७
२७	जीवनज्योति आ.वि.	देवचुली - १७	०-५	४	४	२	१६३	१:४१
जम्मा				३१७	३०७	१०३	११६६६	१:३८

पालिकाको सामुदायिक विद्यालयहरूमा औषत शिक्षक विद्यार्थी अनुपात १:३८ रहेको देखिन्छ । जसमा भिमसेन आदर्श मा.वि. को सबैभन्दा बढी १:६१ र को पशुपति सा.आ.स. मा.वि. को सबैभन्दा कम १:११ रहेको देखिन्छ।

६४ **निशुल्क पाठ्यपुस्तक अनुदान**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय¸ शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदानका लागि विद्यालयले माग गरेका विद्यार्थी संख्यासहित रकमलाई IEMIS मा प्रविष्ट तथ्याङ्कसँग सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन (Verification) गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पहिलो पटकमा चालु शैक्षिक सत्रको विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई हिसाब गरी अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण¸ पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकममा मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ । शैक्षिक सत्र २०८१ को IEMIS तथ्याङ्कलाई आधार मानी ७५ प्रतिशत र विद्यालयहरूले पेश गरेको पाठ्यपुस्तक बुझाएको भरपाई समेतलाई आधार मानी नपुग रकम गरी २८ वटा सामुदायिक विद्यालयहरूलाई जम्मा रु.६७८२८३९ निशुल्क पाठ्यपुस्तकबापत निकासा दिएकोमा IEMIS मा प्रविष्ट विद्यार्थी तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण प्रमाणित गरी राखेको नदेखिदा वास्तविक विद्यार्थी संख्याको आधारमा पाठ्यपुस्तक निकासा भए नभएको सम्बन्धमा यकिन हुन सकेन । केही विद्यालयका केही कक्षाहरूमा IEMIS मा प्रविष्ट विद्यार्थी संख्या र पाठ्यपुस्तक बुझेको भरपाई संख्यामा फरक परेको देखिन्छ । विद्यालयमा नयाँ भर्ना हुने र विद्यालय छाडी अन्यत्र जाने विद्यार्थीको समयमा ट्रान्सफर हुन नसकेकोले विद्यार्थी संख्यामा फरक परेको पालिकाले जनाएको छ। IEMIS मा प्रविष्ट तथ्याङ्कसँग विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन (Verification) गराई सत्यापित यथार्थ विवरण अनुसार रकम निकासा गर्नुपर्दछ । केही उदाहरण:

विद्यालय		विद्यार्थी संख्या	
	कक्षा	EMIS अनुसार	भरपाई अनुसार
जनज्योति मा.वि. देवचुली १५	१	३४	३३
	४	३७	४२
	६	८३	८६
	७	९१	१००
	८	१२१	१२५
	९	१४७	१५५
	१०	११३	१११
	११	१०८	९३
	१२	९४	११४
नेपाल मा.वि. देवचुली १	१	११७	७४
	२	१०३	९१
	३	८७	८९
	४	१२४	१३७
	५	२०८	१८२
	६	१६४	१७४
	७	१३६	१५९
	८	२०१	१९४
	९	१९१	२०५
	१०	१३१	१२५
भिमसेन आदर्श मा.वि. देवचुली ७	१	९८	९९
	४	८७	८५
	६	२५३	२६१
	७	२५४	२६६
	८	२६२	२६३
	९	२६०	२६१
	१०	२२५	२०७
	११	१३०	१८१

	१२	१७७	२२४
वरचुली मा.वि. देवचुली १७	१	५८	५५
	२	६६	६४
	३	५५	५१
	४	८१	८३
	५	१२१	११७
	७	९९	१०८
	८	११७	११५
	९	९२	९७
	१०	८०	७७
	११	९४	११०
	१२	९३	९५
सकलादेवी मा.वि. देवचुली ५	२	३९	४१
	४	३५	३९
	५	४१	४६
	६	६६	६८
	७	४५	४८
	८	४३	४४
	९	४३	४४
	१०	३५	३४

६५ **विद्यालय आर्थिक लेखापरीक्षण**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण समेतका लागि आधारभूत तह सञ्चालित विद्यालयहरूका लागि प्रति विद्यालय रु. १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरूका लागि प्रति विद्यालय रु. १५ हजारको दरले एकमुष्ट अनुदान निकासा दिने र विद्यालयले आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराई प्रतिवेदन स्थानीय तह समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ.व. २०८१।८२ मा विभिन्न २८ सामुदायिक विद्यालयको सामाजिक लेखापरीक्षण तथा आर्थिक लेखापरिक्षण समेतका लागि रु. ३३०००० निकासा गरेकोमा विद्यालयहरूको आर्थिक लेखापरीक्षण हुन बाँकी रहेको पालिकाले जनाएको छ। समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी प्रतिवेदनका व्यहोरा उपर कारवाही समेत गर्नु गराउनु पर्दछ।

६६ **आन्तरिक शिक्षकको तलब भत्ता**

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ को बुदा नं. ४.१ मा स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरू, राहत अनुदानमा कार्यरत शिक्षकहरू, प्रारम्भिक बाल विकासका शिक्षकहरू, विद्यालयमा कार्यरत कर्मचारीको तलब भत्तासमेत सशर्त अनुदानको रुपमा उपलब्ध गराउने

व्यवस्था छ। शिक्षा नियमावली २०५९ को नियम ९७(१) मा नेपाल सरकारबाट स्वीकृत दरबन्दीको रिक्त शिक्षक पदमा स्थायी नियुक्तीको लागि उम्मेद्वार सिफारिस भई नआएसम्म बढीमा ६ महिनाको लागि अस्थायी शिक्षक नियुक्त गर्न सक्ने र नियम ९८(१) मा कुनै पनि व्यक्ति वा शिक्षकलाई रिक्त दरबन्दी नरहेको विद्यालयमा नियुक्ति वा सरुवा गर्न नहुने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष देहायबमोजिमका ८ वटा विद्यालयहरूमा ५० जना शिक्षक नियुक्त गरी आन्तरिक स्रोतबाट रु. २९५०००० तलब भत्ता भुक्तानी गरेको देखिएकोले पालिकाले शिक्षकको दरबन्दी मिलान एवं दरबन्दी स्वीकृत गरेरमात्र तलब भत्ता निकासा दिई पालिकाको वित्तीय भार कम गर्नुपर्दछ। यस सम्बन्धमा धेरैजसो विद्यालयमा प्राथमिक तहका शिक्षकको दरबन्दीमा पदपूर्ति हुन बाँकी रहेकोले आन्तरिक स्रोतबाट शिक्षकहरू राखिएको पालिकाले जनाएको छ ।

क्र.स.	विद्यालयकोनाम	शिक्षक संख्या	तलब (रु.)
१	सरस्वतीआ.वि. देवचुली -१६	३	५०००००
२	नेपाल राष्ट्रियशारदा आ.वि.देवचुली -६	२	२०००००
३	मिलिजुलीआ.वि. देवचुली -८	५	४०००००
४	नारायणीआ.वि. देवचुली -१५	६	४०००००
५	सुर्यकिरणआ.वि. देवचुली -११	७	२५००००
६	वाल्मिकीआ.वि. देवचुली -१४	८	२५००००
७	शान्तीसृजना आ.वि. देवचुली -४	९	७०००००
८	कुमारवर्तीआ.वि. देवचुली -१३	१०	२५००००
जम्मा		५०	२९५००००

६७ पोषण सुधार आयआर्जन अनुदान

बहुक्षेत्रिय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ को दफा ७ बमोजिम सुनौला हजार दिनका विपन्न महिलाहरूलाई जनही रु.२५००० का दरले पोषण सुधारका लागि आयआर्जन अनुदान उपलब्ध गराउने व्यवस्था छ । त्यस्तै दफा १७ मा कार्यक्रम कार्यान्वियनको अनुगमन स्थानीय तहबाट हुने, लक्षित कार्यक्रम सञ्चालन हुने समुदायका लाभग्राही समूहका सदस्यहरूमध्येबाट कम्तीमा ५ जना सदस्य रहने गरी समुदाय स्तरीय अनुगमन समिति गठन गरी अनुदानबाट सञ्चालित आयआर्जन र पोषण सुधारका क्रियाकलापको अनुगमन गरी त्रैमासिक रुपमा कार्यालयमा प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. र मिति ३६२।३।२२ बाट सुनौला हजार दिनका विपन्न महिलाको आयमूलक व्यवसायिक समूह अन्तर्गत २८ जना महिलाहरूलाई जनही रु.२५००० का दरले अनुदान दिएकोमा लाभग्राहीहरूबाट पेस भएको कार्ययोजना बमोजिम आयमूलक व्यवसाय गरे नगरेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको नदेखिदा अनुदानको उपयोग र प्रभावकारिता सम्बन्धमा कार्यविधि अनुसार अनुगमन गरी प्रतिवेदन पेस गर्नुपर्दछ ।

६८ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा आ.व. २०८१।८२ मा सामाजिक सुरक्षा भत्ताका लागि ९ वटा बैङ्कमार्फत रु. २१,६९,४६,२४८।- खर्च भएको छ । सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएको अन्य बेहोराहरू निम्नानुसार छन् :

६८.१ सूचना प्रवाहः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानिय तहले सम्बन्धित गाउँ सभा तथा नगर सभामा पेश गर्नुपर्ने र स्थानीय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिको बुँदा ३२ मा स्थानीय तहले भुक्तानी गरेको भत्ता रकम र बुझ्ी लिने व्यक्तिको नामावली स्थानीय तहको कार्यालयको अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी

सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था भए बमोजिम पालिकाले लाभग्राहीहरुको नाम नामेसी वेबसाइटमा अद्यावधिक गरेपनि स्थानीय तहको कार्यालय र वडा कार्यालयको सूचना पाटीमा सार्वजनिक गरेको पाइएन । समाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको पालना गर्नुपर्दछ।

६८.२ सार्वजनिक सुनुवाईः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा ३४ अनुसार स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषयलाई समेत समावेश गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफूले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझावहरु सम्बोधनका लागि स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित नियकायमा पठाउनु पर्ने व्यवस्था भएकोमा उल्लिखित कार्य भए गरेको पाइएन। कार्यविधिको पालना गरी नियमित रुपमा सार्वजनिक सुनुवाई गरी भत्ता वितरण सम्बन्धमा पारदर्शिता कायम गर्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : देवचुली नगरपालिका, नवलपुर , देवचुली नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	मुकुन्द शर्मा	२०८०-६-१७	२०८१-८-२५
कार्यालय प्रमुख	दिवाकर पौडेल	२०८१-८-२४	
कार्यालय प्रमुख	अशोक कोइराला	२०८१-०२-०७	हाल सम्म कार्यरत
लेखा प्रमुख	नारायण ढकाल	२०८०-१०-२५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४६३,५१८	०	९,७७९,४२९.६५	०	०	९४९,३०६.९६
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	११,१९२,२५४.६१
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	६,०२८,८८४.९३
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	५,१६३,३६९.६८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२१००२४८८१.६६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५२६६०६२००	चालु खर्च	४९१६०२३७६.५
प्रदेश सरकारबाट अनुदान	२४७५८०००	पूँजीगत खर्च	२६२६४७७२५.९
राजश्व बाँडफाँट	१६१८०९६६९.५	वित्तीय/अन्य व्यवस्था	३९९८२९४०१.९२
आन्तरिक आय	६११४१८३२.९७		
अन्य आय	३७६३५१७१७.०९		
कुल आय	११५०६६७४१९.५६	कुल खर्च	११५४०७९५०४.३२
बाँकी मौज्दात		२०६६१२७९६.९	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	१७, ६८ , ४२ , ७१३.९२	१७, ६८ , ४२ , ७१३.९२	१६, २२ , ५७ , ९८५.४१	१६, २२ , ५७ , ९८५.४१
१३०००	अनुदान	५२, १७ , ९० , ६६४.२७	५२, १७ , ९० , ६६४.२७	४६, ७२ , ४७ , ३३९.३९	४६, ७२ , ४७ , ३३९.३९
१४०००	अन्य राजस्व	४, ६० , २४ , ६४३.५५	४, ६० , २४ , ६४३.५५	४, ७० , ९५ , ४६८.११	४, ७० , ९५ , ४६८.११
१५०००	विविध प्राप्ति	८४,१४५.००	८४,१४५.००	२३,४२४.११	२३,४२४.११
क	कुल जम्मा प्राप्ति	७४, ४७ , ४२ , १६६.७४	७४, ४७ , ४२ , १६६.७४	६७, ६६ , २४ , २१७.०२	६७, ६६ , २४ , २१७.०२
३	चालु	४९, १६ , ०२ , ३७६.४८	४९, १६ , ०२ , ३७६.४८	४७, ४८ , ८५ , ०९७.८६	४७, ४८ , ८५ , ०९७.८६
२१०००	पारिश्रमिक / सुविधा	८, ३९ , ०९ , ६६८.७४	८, ३९ , ०९ , ६६८.७४	५, ४२ , १२ , ४६४.३९	५, ४२ , १२ , ४६४.३९
२२०००	मालसामान तथा सेवाको उपयोग	९, ७१ , ५४ , ५७०.५६	९, ७१ , ५४ , ५७०.५६	११, ८० , ३८ , ८०६.४७	११, ८० , ३८ , ८०६.४७
२५०००	सहायता (Subsidy)	८८, १३ , ०६५.००	८८, १३ , ०६५.००	६९, ५८ , १८६.००	६९, ५८ , १८६.००
२६०००	अनुदान	२८, ८० , ७९ , २५३.१८	२८, ८० , ७९ , २५३.१८	२९, ३१ , ८७ , २८८.००	२९, ३१ , ८७ , २८८.००
२७०००	सामाजिक सुरक्षा	१, २७ , ५० , ६२९.००	१, २७ , ५० , ६२९.००	१५, ७३ , ४३३.००	१५, ७३ , ४३३.००
२८०००	अन्य खर्च	८, ९५ , ११०.००	८, ९५ , ११०.००	९, १४ , ९२०.००	९, १४ , ९२०.००
४	पूंजीगत	२६, २६ , ४७ , ७२५.९४	२६, २६ , ४७ , ७२५.९४	२०, ०१ , ०९ , ८३०.९९	२०, ०१ , ०९ , ८३०.९९
३१११०	भवन तथा संरचना	३, ३९ , २५०.००	३, ३९ , २५०.००	३२, ७१ , ९२४.००	३२, ७१ , ९२४.००

३११२०	सवारी साधन, मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स	२, १४ , ३८ , २८३.००	२, १४ , ३८ , २८३.००	९३, ५६ , ९४६.००	९३, ५६ , ९४६.००
३११३०	अन्य पूँजीगत खर्च	९, ९६ , ९९९.००	९, ९६ , ९९९.००	१, १३ , २३ , ६५२.००	१, १३ , २३ , ६५२.००
३११५०	सार्वजनिक निर्माण	२३, ८९ , ८२ , ४७४.९४	२३, ८९ , ८२ , ४७४.९४	१७, ६१ , ५७ , ३०८.९९	१७, ६१ , ५७ , ३०८.९९
३११६०	निर्मितसरचनाको सुधार खर्च	८, ९० , ७१९.००	८, ९० , ७१९.००	०	०
ख)	कुल जम्मा भुक्तानी	७५, ४२ , ५० , १०२.४२	७५, ४२ , ५० , १०२.४२	६७, ४९ , ९४ , ९२८.८५	६७, ४९ , ९४ , ९२८.८५
ग)	बचत /कमी (ग = क-ख)	(९५ , ०७ , ९३५ . ६८)	(९५ , ०७ , ९३५ . ६८)	१६, २९ , २८८.१७	१६, २९ , २८८.१७
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	६०, ७६ , ०१७.०४	६०, ७६ , ०१७.०४	२, ०२ , ७४१.७४	२, ०२ , ७४१.७४
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी	-१९,८३३.९१	-१९,८३३.९१		
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(३४ , ३१ , ९१८ . ६४)	(३४ , ३१ , ९१८ . ६४)	१८, ३२ , ०२९.९१	१८, ३२ , ०२९.९१
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	२१, ०० , २४ , ८८१.६६	२१, ०० , २४ , ८८१.६६	२०, ८१ , ९२ , ८५१.७५	२०, ८१ , ९२ , ८५१.७५
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	२०, ६५ , ९२ , ९६३.०२	२०, ६५ , ९२ , ९६३.०२	२१, ०० , २४ , ८८१.६६	२१, ०० , २४ , ८८१.६६

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्ने सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर

भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।